# पान बुलेटिन

## नेपाल जनप्रशासन संघको सूचनामूलक प्रकाशन

बर्ष २१ | पौष–चैत्र २०८० (अप्रिल २०२४) | अंक ३३

## अध्यक्षको सन्देश



मधुरमण आचार्य, अध्यक्ष
नेपाल जनप्रशासन सङ्घ

सार्वजनिक प्रशासन र व्यवस्थापनका विविध क्षेत्रमा कार्यरत प्राज्ञिक, प्रशासक र व्यवस्थापकहरू बीचको पारस्परिक पेशागत सम्बन्धलाई मर्यादित र सुदृढ गर्दै सार्वजनिक नीति निर्माण तथा मूल्याङ्कनमा व्यावसायिक पृष्ठपोषण गर्ने उद्देश्यले नेपाल जन-प्रशासन संघको स्थापना वि.सं. २०४७ साल भाद्र १३ गते भएको हो । यस सङ्घले सरकारी निकाय, सार्वजनिक संस्थान तथा अन्य संगठित सङ्घ संस्था तथा सार्वजनिक सेवा व्यवस्थापनका विविध आयाममा विभिन्न समसामयिक दृष्टिकोण तथा जन-प्रशासनको क्षेत्रमा ज्ञान तथा अनुभवको आदान-प्रदान गर्दै आएको छ । सङ्घले राष्ट्रियस्तरमा सभा सम्मेलन लगायत विभिन्न कार्यक्रमको आयोजना, सार्वजनिक व्यवस्थापनको क्षेत्रमा अध्ययन अनुसन्धान तथा नीति निर्माणमा पृष्ठपोषण सल्लाहकार, परामर्शदाता एवम् प्रशिक्षण लगायतका सेवा प्रदान गर्नुका साथै अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार पनि गरेको छ । सङ्घका गतिविधिहरूको सङगालोको रूपमा नियमित रूपमा प्रकाशन हुँदै आएको पान बुलेटिनको प्रस्तुत अङ्कमा सङ्घको नवनिर्वाचित अध्यक्षको हैसियतमा यो सन्देश दिने अवसरमा पाएकोमा मलाई हर्ष लागेको छ । नेपाल जन-प्रशासन सङ्घको २४ औं साधारण सभाले मेरो अध्यक्षतामा नयाँ कार्य समिति निर्वाचन गरेकोमा सङ्घका सम्पूर्ण सदस्यहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस अवसरमा सङ्घलाई स्थापनाकालदेखि हालसम्म क्रियाशिल राख्न सङ्घका तत्कालीन तथा निवर्तमान अध्यक्ष, पदाधिकारी र सदस्यहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै संस्थागत सोच, मूल्यमान्यता र साधारण सभाबाट पारित कार्यदिशा अनुरूप सङ्घलाई नयाँ आयामबाट सक्रिय बनाउन सङ्घका पदाधिकारीहरू लगायत आजीवन तथा संस्थागत सदस्यज्यूहरूबाट सक्रिय सहभागिताको अपेक्षा गरेको छु ।

## वार्षिक साधारण सभा र राष्ट्रिय सम्मेलन

नेपाल जन-प्रशासन सघंको २४ औं बार्षिक साधारण सभा मिति २०८० पौष १४ गतेका दिन काठमाण्डौको नयाँ वानेश्वरमा सम्पन्न भयो । सो साधारण सभाको सभापतित्व सङ्घका अध्यक्ष कृष्णहरि बास्कोटाले गर्नु भएको थियो । सो अवसरमा सङ्घका महासचिव मुकुन्दप्रसाद निरौलाले पेश गर्नुभएको सङ्घको वार्षिक प्रतिवेदन आगामी आर्थिक वर्षको लागि कार्यदिशा र कोषाध्यक्ष दिलिपराज पौडेलले प्रस्तुत गर्नुभएको लेखा प्रतिवेदन र बजेट प्रस्ताव उपर छलफल भै साधारण सभाबाट पारित भयो ।

### कार्य समिति निर्वाचन:

साधारण सभाले आगामी दुई वर्षको लागि मधुरमण आचार्यको अध्यक्षतामा निम्नानुसार १५ औं कार्यसमितिको निर्वाचन गरेको छ:

| | |
|---|---|
| मधुरमण आचार्य | अध्यक्ष |
| मकुन्द प्रसाद निरौला | उपाध्यक्ष |
| डा.दिलिपराज पौडेल | महासचिव |
| डा.गोविन्द तामाङ | सचिव |
| रजनी रेग्मी | कोषाध्यक्ष |
| कृष्णहरि बास्कोटा | सदस्य (निर्वतमान अध्यक्ष) |
| श्यामसुन्दर शर्मा | सदस्य |
| महेन्द्र कुमार थापा (सैंवुले) | सदस्य |
| चुडामणि देवकोटा | सदस्य |
| डा. दिनेश पन्त | सदस्य |
| डा. ऋषिकेश पन्थी | सदस्य |
| वलराम त्रिपाठी | सदस्य |
| हिरा श्रेष्ठ | सदस्य |
| मोहन थापा | संस्थागत सदस्य (साल्ट ट्रेडिङ्ग कर्पोरेशन) |
| प्रो. पुरूषोत्तम शर्मा | संस्थागत सदस्य (काष्ठमण्डप स्कूल अफ पब्लिक एड्मिनिस्ट्रेसन) |



(नेपाल जन-प्रशासन संघको २४ औं साधारण सभापश्चात् संघका पदाधिकारीहरु समेत)

### आजीवन सदस्यता प्रदान:

नेपाल जन-प्रशासन संघको आजीवन सदस्यता प्राप्त गर्नुहुने राधा कंडेल, भुवन पौडेल, विवेक घिमिरे, चन्द्रकुमार श्रेष्ठ र मन्जु कुमारी जैसीलाई सङ्घको आजीवन सदस्यता प्रदान गरिएको छ । उहाँहरूलाई हार्दिक बधाईसहित सङ्घलाई जीवन्त राख्न उहाँहरूको सक्रिय सहभागिताको अपेक्षा सहित उहाँहरूलाई नेपाल जन-प्रशासन सङ्घ परिवारमा स्वागत छ ।

प्रकाशक:
**नेपाल जन-प्रशासन संघ**
Public Administration Association of Nepal (PAAN)
हरिहर भवन, ललितपुर, नेपाल

### पान स्ट्याण्ड:

अघिल्ला वर्षहरू झैं यस वर्ष पनि साधारण सभाले सार्वजनिक प्रशासन, व्यवस्थापन र सुशासन सम्बन्धमा नेपाल जन-प्रशासन सङ्घको अडानको रूपमा निम्न बुँदाहरू सहितको पान स्ट्याण्ड (PAAN STAND) जारी गरेको छ:

१. सार्वजनिक प्रशासनलाई सरकारको एउटा महत्वपूर्ण हिस्साको रूपमा मानिदै आएको छ। यसको महत्व र दायरा विस्तार भएकाले निजामती तथा सार्वजनिक प्रशासनले मुलुकमा प्रभावकारी सेवा प्रवाह गर्नु, विधिको शासन सञ्चालन गर्नु र आर्थिक एजेण्डालाई उच्च प्राथमिकतामा राख्नु समयको माग भएको छ।

२. सार्वजनिक प्रशासनको भूमिका र कार्यप्रकृतिमा धेरै परिवर्तन आएको छ । समाजको आवश्यकता र मागहरूमा पनि निरन्तर विकास भइरहेको छ । खासगरी विद्युतीय माध्यमद्वारा सरकारका काम-कारवाहीलाई विश्वसनीय, शीघ्र र अनुभूतियोग्य तुल्याउन जरूरी छ ।

३. निजामती तथा सार्वजनिक सेवाले निम्न कामलाई उच्च प्राथमिकतामा राख्नुपर्छ-

- नागरिकको मौलिक अधिकार र पहुँच सुनिश्चित गरी प्रजातान्त्रिक मूल्य-मान्यताको संरक्षण र सम्वर्द्धन गर्ने ।
- सार्वजनिक सेवाको प्रभावकारी प्रबन्धमार्फत जनताको हितलाई सम्बोधन गर्दै सरकारी निकायहरूलाई लोकतान्त्रिक मूल्य र मान्यता अनुसार सञ्चालन गर्ने ।
- सार्वजनिक प्रशासनलाई सदाचारी र व्यावसायिक बनाउन विश्वसनीयता र नैतिकताको अनुकरणीय मानक स्थापित गर्ने।
- सार्वजनिक सेवाको न्यायोचित वितरण सुनिश्चित गर्ने ।
- सबैलाई समन्यायिक ढंगबाट प्रशासनिक दायरामा समावेश गर्ने ।
- नागरिकहरूलाई प्रशासनिक पद्धति र प्रक्रियाको अङ्ग बनाई त्यसप्रतिको अपनत्व कायम गराउने ।
- सार्वजनिक-निजी साझेदारीका लागि प्रयास गर्ने ।

५. नेपालको बहुल जातजाति, बहुल भाषाभाषी, विविध धर्म र सांस्कृतिक विविधता जगेर्ना गर्न र प्रवर्द्धन गर्न निजामती सेवाले मन, वचन र कर्मले काम गर्नुपर्छ ।

६. नेपाली युवाबीच बढाउँदै लगिएको निराशावादी भाष्यलाई तोड्नु पर्छ। नेपालमै रोजगारीको अवसर छ, गरिखान मिल्ने वातावरण छ भन्ने कुराको प्रत्याभूति दिनुपर्छ ।

७. एकभन्दा बढी दलको सरकार हुँदैमा लोकतन्त्र र विकासको एजेन्डा नै कमजोर हुन्छ भन्ने होइन । निर्वाचन प्रणालीलाई समसामयिक तुल्याउन प्रयास हुनुपर्छ ।

९. दोस्रो जनआन्दोलनबाट स्थापित लोकतन्त्रले ठूलो फड्को मारेको छ । तीन तहका सरकारले निरन्तर काम गरिरहेका छन् । सरकारका राजनैतिक र प्रशासनिक दुवै संयन्त्रले एक आपसमा परिपूरक शैलीबाट काम गर्नु पर्छ । तीनै तहका सरकारबाट सम्पादित असल अभ्यासको अनुसरण गर्ने कार्य-संस्कृतिलाई बढावा दिनुपर्छ ।

१०. सार्वजनिक प्रशासन समावेशी विकासको अवधारणा अनुरूप समावेशी हुनु पर्छ यसले सबै सेवाहरूलाई समावेशी ढङ्गबाट संचालन र व्यवस्थापन गर्नु पर्छ ।

### पान स्वर्ण पदक:

विभिन्न विश्वविद्यलयबाट जन-प्रशासन विधामा स्नाकोत्तर तहमा सर्वोत्कृष्ट अङ्क ल्याउने छात्र छात्राहरूलाई नेपाल जनप्रशासन सङ्घद्वारा प्रत्येक वर्ष "पान स्वर्ण पदक" प्रदान गरिदै आएको छ। सङ्घको साधारण सभाको अवसरमा वि.सं. २०८० को लागि सो पदक निम्नानुसार छात्र छात्रालाई प्रदान गरियो:

| | |
|---|---|
| कीर्तिका पोखरेल | त्रिभुवन विश्वविद्यालय |
| उभर पाण्डेय | पूर्वाञ्चल विश्वविद्यालय |




(पानको १९औं राष्ट्रिय सम्मेलनको अवसरमा प्रस्तुतिकर्तालाई अध्यक्षद्वारा पानको चिनो प्रदान)

### पान राष्ट्रिय सम्मेलन:

साधारण सभासँगै सङ्घको १९ औं राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न भयो । सो सम्मेलनमा काठमाण्डौ विश्वविद्यालयका प्राध्यापक डा. उद्धव प्याकुरेलले नेपालमा समावेशी विकासमा जन-प्रशासनको भूमिका (Inclusive development in Nepal: The Role of Public Administration) विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमाथि डा. हिरामणि घिमिरे, कृष्ण झवाली, र त्रिलोचन पोखरेलको टिप्पणीसहित सहभागीहरूबाट छलफल भयो।

## निजामती सेवा विधेयकसम्बन्धी पान नीति सम्वाद

नेपाल जन-प्रशासन सङ्घद्वारा बेलाबेला सञ्चालन हुने पान नीति सम्वाद अन्तर्गत मिति २०८० चैत्र ७ गते बुधवार ललितपुरमा "सङ्घीय निजामती सेवा ऐन, २०८० को विधेयकसम्बन्धी छलफल" आयोजना गरियो । कार्यक्रममा प्रतिनिधिसभा राज्य व्यवस्था समितिका सभापति माननीय रामहरि खतिवडाको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा प्रतिनिधि सभाका केही सदस्यहरूलगायत आमन्त्रित अतिथि र जन-प्रशासन क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । उक्त नीति सम्वादमा सङ्घीय निजामती सेवा ऐन, २०८० सम्बन्धी विधेयकको विविध पक्षबारे नेपाल सरकारका पूर्व सचिव गोपीनाथ मैनाली, कर्मचारीका वृत्ति विकास, समावेशिता र सेवा शर्तका सम्बन्धमा लोकसेवा आयोगको पूर्व सदस्य एवम् पूर्व सचिव बिन्द्रा हाडा र कर्मचारीका सेवा शर्तका सुविधा तथा अवकाश कोष व्यवस्थापनका बारेमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव बैकुण्ठप्रसाद सापकोटाले प्रस्तुति गर्नुभएको थियो । सो अवसरमा नेपाल प्रशासन सुधार आयोगका पूर्व अध्यक्ष काशीराज दाहाल, लोकसेवा

आयोगका पूर्व अध्यक्ष उमेश मैनाली, पूर्व सचिवहरू द्वारिकानाथ ढुङ्गेल, दीपेन्द्रपुरुष ढकाल, सङ्घका पदाधिकारी एवम् आजीवन सदस्यहरूको उपस्थिति रहेको थियो । उक्त छलफल कार्यक्रम नेपाल जन-प्रशासन सघंका अध्यक्ष मधुरमण आचार्यले संयोजन गर्नुभएको थियो । नीति सम्वाद पश्चात् प्राप्त सुझावहरू समेतको आधारमा नेपाल जन-प्रशासन सङ्घको तर्फबाट निजामती सेवा विधेयकको सम्बन्धमा तयार पारिएका सुझावहरू र प्रस्तावित संशोधनहरू संसदमा प्रतिनिधित्व गर्ने विभिन्न दलका संसदीय कार्यलयहरू समक्ष पठाइएको छ ।



(निजामती विधेयकसम्बन्धी छलफलको क्रममा पानका अध्यक्ष मधुरमण आचार्य, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडा समेत)

## निजामती सेवा विधेयकमा संशोधन गरिनु पर्ने मुख्य विषयहरू:

- निजामती सेवालाई "नागरिक सेवा" भनी नामाकरण गर्ने र ऐनको नाम पनि सो अनुसार परिवर्तन गरी 'सङ्घीय नागरिक सेवा ऐन" बनाउने ।
- प्रस्तावनामा नागरीक सेवाका मूलभूत सिद्धान्तहरू समावेश गर्ने ।
- "प्रदेश नागरिक सेवा" र "स्थानीय सेवा"लाई परिभाषामा समावेश गर्ने ।
- "नेपाल स्वास्थ्य सेवा" लाई पनि "नागरिक सेवा" अन्तर्गत राख्ने । सो सेवा सम्बन्धी ऐनमा छुट्टै व्यसथा भएकोमा बाहेक नागरिक सेवाका शर्त र सिद्धान्त यसै ऐन बमोजिम हुने व्यवस्था गर्ने ।
- नेतृत्व तहमा अनिवार्य र अन्य तहका कर्मचारीसँग नेतृत्व तहले आवश्यकतानुसार कार्यसम्पादन सम्झौता गर्नसक्ने व्यवस्था गर्ने ।
- सहायक चौथो तहमा नयाँ भर्ना नलिने र सहायक पाँचौं तहमा मात्र खुल्ला भर्ने लिने ।
- समावेशी नियुक्तिको लागि प्रत्येक क्लस्टरमा कानुन बमोजिम विपन्नताको परिचय प्राप्त व्यक्तिहरूलाई प्रथामिकता दिने ।
- निश्चित अवधि तोकेर मात्र सरूवा गर्ने र सो अगावै सरूवा गर्नु परेमा कारण खुलाई लिखित जानकारी दिनु पर्ने व्यवस्था गर्ने ।
- कार्य सम्पादन करार अवधिभर नेतृत्वतहका कर्मचारी सरूवा नगर्ने ।
- लोक सेवा आयोगबाट नेतृत्व परीक्षण गरी सिफारिस गरिएका व्यक्तिलाई मात्र राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गर्ने ।
- बढुवा समितिले मुख्य सचिवमा रिक्त पदको तेब्बर र सचिव पदमा दोब्बर संख्यामा सिफारिस गर्ने र नेपाल सरकारले तीमध्येबाट बढुवा गर्ने ।
- भौगोलिक क्षेत्रमा काम गरेवापतको अङ्क सबै तहलाई समान गर्ने ।
- बढुवाको उजुरी दिने म्याद ३५ दिन कायम राख्ने ।
- अन्य कानुनद्वारा सजाय भएमा सोही अनुसार हुने र दोहोरो सजाय हुने भएकाले पाकेको निवृत्तिभरण नपाउने प्रस्तावित व्यवस्था हटाउने ।
- सङ्घ, प्रदेश र स्थानीय तहमा योगदानमा आधारित निवृत्तभरण कोष, सञ्चय कोष, औषधोपचार कोषलगायतका कोषहरूमा कर्मचारी र सम्बन्धित तहका सरकाको योगदानमा एकरूपता गर्ने र अन्तरतह समायोजन, बढुवा वा सेवा परिवर्तन भएका कर्मचारीको कोषको निरन्तरता सुनिश्चित गर्ने ।
- सेवाबाट अवकाश पाएको कुनै व्यक्तिले सेवा गरेवापत आर्जन गरेको सुविधा आचरण उल्लङ्घन गरेको आधारमा रोक्का गर्ने प्रस्तावित व्यवस्था हटाउने ।
- कर्मचारीले कम्पनीको संस्थापक शेयर खरिद गर्न नपाउने व्यवस्था गर्ने ।
- प्रदेश सचिवको पद प्रदेश सेवामा नै राखी बढुवाद्वारा पदपूर्ति नभएसम्म मात्र सङ्घीय सेवाबट कामकाज गर्ने खटाउन सक्ने व्यवस्था गर्ने ।
- स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत स्थानीय सेवाबाट पूर्ति नभएसम्मको लागि मात्र प्रदेश सेवाको कर्मचारी खटाउने व्यवस्था गर्ने ।
- राष्ट्रियस्तरको कर्मचारी ट्रेड युनियनको व्यवस्था हटाई सङ्घ, प्रदेश र स्थानीय तहमा आधिकारिक कर्मचारी ट्रेड युनियन मात्र रहने व्यवस्था गर्ने ।
- नागरिकलाई दिइने सेवालाई प्रभावकारी बनाउन आवश्यक निर्णय लिन सचिव बैठकलाई म्याण्डेट दिने ।

(विस्तृत सुझाव सम्बन्धित निकायमा प्रेश गरिएको)

## आर्थिक बर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेटको लागि सुझावहरू:

नेपाल सरकारको आर्थिक बर्ष २०८१।८२ को नीति तथा कार्यक्रम र बजेटको लागि नेपाल जन-प्रशासन सङ्घको तर्फबाट सुझावहरू सङ्कलनसमेतको लागि मिति २०८० साल चैत्र २२ गते एक छलफल कार्यक्रम आयोजना गरियो । सो कार्यक्रममा पूर्व अर्थ सचिवद्वय रामेश्वर खनाल र कृष्णहरि बास्कोटा र पूर्व सचिव गोपीनाथ मैनालीले प्रस्तुति गर्नु भएको थियो भने सो कार्यक्रमको संयोजन पानका अध्यक्ष मधुरमण आचार्यले गर्नुभएको थियो । सो छलफल समेतको आधारमा नेपाल जन-प्रशासन सङ्घको तर्फबाट तयार पारिएका सुझावहरू नेपाल सरकार अर्थ मन्त्रालय समक्ष प्रेषित गरिएको छ । ती सुझावहरूमा समष्टिगत आर्थिक सुधार, सरकारी खर्च नियन्त्रण, राजश्व परिचालन तथा कर-प्रणालीमा सुधार, वित्तीय स्रोत परिचालन, वित्तीय सङ्घीयता, बजेट कार्यान्वयन लगातय क्षेत्रगत विषयहरू समावेश गरिएका छन् ।




(विस्तृत सुझाव अर्थ मन्त्रालयमा पेश गरिएको)

## पान टक (PAAN Talk)

नेपाल जनप्रशासन सङ्घले प्रत्येक पन्ध्र दिनमा समसामयिक बिषयवस्तुमा नेपालको प्रशासन र व्यवस्थापन क्षेत्रका विविध विषयमा पान टक (PAAN Talk) कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । सो कार्यक्रम जनप्रशासन, सेवा प्रवाह, सुशासन र व्यवस्थापनका विविध पक्षमा विशिष्ट वक्ताहरूलाई आमन्त्रण गरी विध्युतीय माध्यमबाट सञ्चालन गर्ने गरिएको छ । यस पान बुलेटिनको अवधि (२०८० पुस देखि चैत्रसम्म) देहायमा उल्लेखित पान टक (PAAN Talk) कार्यक्रम सम्पन्न भएको छ ।

| विषय | वक्ताहरु | मिति |
|---|---|---|
| Psychological Well–being in the Workplace | Adarsh Nim, Ph.D. Scholar, India | २०८० फागुन २ गते |
| सार्वजनिक प्रशासनमा विविधता व्यवस्थापन | अञ्जु ढुङ्गाना, वरिष्ठ महिला विकास अधिकृत, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८० फागुन १६ गते |
| Integrating Innovation: Leveraging Technology and Entrepreneurship in Public Administration. Public Service and Governance for Sustainable Impact | Conrad Rizal, Ph.D., SMIEE-USA_, CEng -The IET, UK_, President and Chief Executive Officer, Canada | २०८० फागुन ३० गते |
| The Recent Trends in Human Resource Management | डा. रोहित राज श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय | २०८० चैत्र १४ गते |
| नेपाल सरकारको आगामी आ.ब. २०८१/८२ को बजेटबारे सुझाव | पूर्व अर्थ सचिव रामेश्वर खनाल र कृष्णहरि बास्कोटा, पूर्व सचिव गोपीनाथ मैनाली | २०८० चैत्र २२ गते |

नवबर्ष २०८१ को उपलक्ष्यमा संघका सदस्यहरु एवं सम्पूर्ण नेपालीहरुमा सु–स्वास्थ्य, दीर्घायु, सुख, समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना ।

नेपाल जन–प्रशासन संघ (PAAN)
हरिहर भवन, पुल्चोक, ललितपुर ।

## साझेदारी कार्यक्रम

सार्वजनिक मामिलाका क्षेत्रमा विभिन्न सङ्घ संस्थाहरूसँग साझेदारी गर्ने नीतिअनुसार नेपाल जन-प्रशासन सङ्घ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठाद्वारा २९ मार्च सन् २०२४ मा आयोजित Public Policy and Governance in South Asia विषयको सम्मेलनमा साझेदारको रूपमा सहभागी भएको थियो । सो अवासरमा पानका सदस्यहरू दिलिपराज पौडेल, रजनी रेग्मीसमेतको कार्यपत्र प्रस्तुति भएको थियो अन्तर-सरकारी सम्बन्ध बारेको एक सेसनमा पानका अध्यक्ष मधुरमण आचार्यले टिप्पणीकर्ताको भूमिका निर्वाह गर्नु भयो ।


(पानको साझेदारी समेतमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा सञ्चालित सेमिनारमा पानका अध्यक्ष, महासचिव र सम्मेलनका प्रतिनिधिहरु)

## अन्तर्राष्ट्रिय सम्बन्ध

अन्तर्राष्टिय सम्बन्ध विस्तार गर्ने क्रममा सङ्घले गतवर्ष फ्रान्समा रहेको International Public Policy Association (PPA) सँग एक समझदारी पत्रमा हस्ताक्षर भएको थियो । त्यस्तै गरी मिति २०८० पौष ६ गते बङ्लादेशस्थित South Asian Network for Public Administration (SANPA) र सङ्घ बीच सार्वजनिक प्रशासनको क्षेत्रमा अध्ययन, अनुसन्धान, सेमिनारलगायत विविध आयाममा सहकार्यका लागि एक समझदारी पत्र (MOU) सम्पन्न भएको छ । उक्त समझदारी पत्रमा सङ्धको तर्फबाट अध्यक्ष कृष्णहरि बास्कोटा र SANPA को तर्फबाट प्रतिनिधिको रूपमा त्रिलोचन पोखरेलले हस्ताक्षर गर्नु भएको थियो ।


